# राष्ट्रिय जीवन बीमा कम्पनीको दोस्रो बार्षिक साधारण सभाको विवरण

# (माइन्यूट)

# राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडको
# दोस्रो बार्षिक साधारण सभाको
# निर्णय (माईन्युट) विवरण

मिति २०८२ साल फागुन २९ गते शुक्रबार बसेको सञ्चालक समितिको ३१ औं बैठकको निर्णयानुसार यस कम्पनीको नियमावलीको नियम १८ मा रहेको व्यवस्था बमोजिम बोलाइएको यस दोस्रो बार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री रमेश अर्यालज्यूको अध्यक्षतामा देहाय बमोजिमको मिति, स्थान र समयमा सुसम्पन्न भयो ।

१. साधारण सभा भएको मिति, स्थान र समय :

मिति : २०८२ साल चैत २७ गते शुक्रबार (तदनुसार अप्रिल १०, २०२६) ।
समय : दिनको १२:४५ बजे ।
स्थान : कम्पनीको प्रधान कार्यालय, रामशाहपथ,काठमाण्डौं ।

२. साधारण सभाको सूचना :

यस कम्पनीको दोस्रो बार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र यस कम्पनी नियमावलीको नियम १८ मा भएको व्यवस्था अनुसार मिति २०८२।१२।०१ गतेको गोरखापत्र राष्ट्रिय दैनिक र मिति २०८२।१२।०२ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमै सभा हुने मिति, स्थान, समय र छलफलको विषयसूची सम्बन्धी जानकारी सहितको सूचना प्रकाशित गरी शेयरधनीहरुलाई जानकारी गराइएको थियो । साथै, सञ्चालक समितिको मिति २०८२ साल चैत १८ गते बसेको ३३ औं बैठकको निर्णयअनुसार साधारण सभाको समय दिनको १२:४५ बजे हुने गरी परिवर्तन गरिएको सूचना समेत गोरखापत्र राष्ट्रिय दैनिकमा मिति २०८२ चैत २० गते प्रकाशित गरी शेयरधनीहरुलाई जानकारी गराइएको थियो ।

३. छलफलका विषयहरु :

(क) सामान्य प्रस्ताव ।

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको साबिक राष्ट्रिय बीमा संस्थानको आर्थिक वर्ष २०७४।७५ र २०७५।७६ सम्मको वासलात, नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु सहित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

(ख) विशेष प्रस्ताव ।

१) कम्पनीको प्रवन्धपत्र र नियमावली संशोधन तथा कुनै फेरबदलको लागि नेपाल सरकार वा नियमनकारी निकायबाट सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध ।

राष्ट्रिय बीमा कम्पनी लिमिटेड

४. सभामा उपस्थिति :

सञ्चालक समिति :

| | | |
|---|---|---|
| १. | श्री रमेश अर्याल | अध्यक्ष |
| २. | श्री रञ्जना पौडेल | सदस्य |
| ३. | डा. मुक्तिनाथ सुवेदी | सदस्य |
| ४. | श्री कृष्ण प्रसाद शर्मा | सदस्य |
| ५. | श्री पासाङ्ग दोर्जी शेर्पा | सदस्य |

शेयरधनीहरू

| | | |
|---|---|---|
| १. | श्री प्रभा ढुंगाना | प्रतिनिधि, नेपाल सरकार, अर्थ मन्त्रालय |
| २. | श्री विनित जैन बैगनी | प्रतिनिधि, नेपाल राष्ट्र बैंक |
| ३. | श्री निता लामिछाने | प्रतिनिधि, नेपाल बैंक लि. |

व्यवस्थापनका कर्मचारी

| | | |
|---|---|---|
| १. | श्री सुन्दर पन्थी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री महेश रिमाल | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री भोला नाथ घिमिरे | कम्पनी सचिव/मुख्य व्यवस्थापक |
| ४. | श्री रेशमकृष्ण सोम पौडेल | व्यवस्थापक/सिए |
| ५. | श्री चुडाराज अधिकारी | व्यवस्थापक |

शेयरधनीहरूको उपस्थिति

| | | |
|---|---|---|
| १. | शेयरधनी प्रतिनिधी | ३ |
| २. | जम्मा उपस्थिति | ३ |

सभामा उपस्थिति सबै शेयरधनीहरू मतदान गर्न योग्य थिए ।

५. गणपुरक संख्या एवं बैधानिकता :

साधारण सभाको प्रारम्भमा उद्घोषकको रुपमा कम्पनी सचिव श्री भोलानाथ घिमिरेले दोस्रो बार्षिक साधारण सभा कम्पनीको नियमावली र प्रचलित ऐन कानुन बमोजिम बोलाइएको र सभा सञ्चालन गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ अनुसार गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनु भयो ।

६. सभाको अध्यक्षता र सभा सञ्चालन :

कम्पनी सचिवले अध्यक्षज्यू, सञ्चालकज्यूहरु एवं प्रतिनिधिज्यूहरु तथा सभामा उपस्थित महानुभावहरुलाई आसन ग्रहण गर्न आग्रह गर्नु भयो । कम्पनीका अध्यक्ष श्री रमेश अर्यालज्यूले कम्पनीको नियमावली बमोजिम अध्यक्षता गर्नुभएको सो सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री सुन्दर पन्थीले स्वागत मन्तव्य सहित स्वागत गर्नुभएको थियो । उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै सभाध्यक्षज्यूबाट सभाको कार्यक्रम अघि बढाउनु भयो ।

७. प्रतिवेदनहरुको प्रस्तुती :

साधारण सभाको काम कारबाहीलाई अगाडि बढाउने क्रममा सभाध्यक्ष श्री रमेश अर्यालज्यूले आ.ब. २०७४।७५ र आ.ब. २०७५।७६ गरी दुई आ.ब.को सञ्चालक समितिको बार्षिक प्रतिवेदन, लेखापरिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव किताव तथा नगद प्रवाह विवरणहरु साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो ।

८. छलफलका लागि आब्ह्वान :

सभाध्यक्षज्यूबाट बार्षिक प्रतिवेदन र वासलातको प्रस्तुति गर्नुभए पछि सो सम्बन्धमा प्रश्न, जिज्ञासा, सुझाव व्यक्त गरिदिन कम्पनी सचिवद्धारा शेयरधनी महानुभावहरुलाई आब्ह्वान गरियो । यसै क्रममा संस्थागत शेयरधनीहरु मात्र रहनु भएको कम्पनीको दोस्रो बार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुले कम्पनीले थप सफलता हासिल गर्दै जाओस् भन्ने शुभकामना व्यक्त गर्नु भयो ।

९. साधारण सभाको छलफल तथा निर्णयहरु :

(क) सामान्य प्रस्ताव ।

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु भएको प्रतिवेदन छलफल गरी सर्वसम्मतिबाट पारित भयो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको साबिक राष्ट्रिय बीमा संस्थानको आर्थिक वर्ष २०७४।७५ र २०७५।७६ सम्मको वासलात, नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु सहित अनुसूचीहरु छलफल पश्चात निर्णयार्थ पेश हुंदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(ख) विशेष प्रस्ताव ।

१) कम्पनीको प्रवन्धपत्र र नियमावली संशोधन तथा कुनै फेरबदलको लागि नेपाल सरकार वा नियमनकारी निकायबाट सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(ग) विविध ।

१) विविध प्रस्ताव अन्तर्गत कम्पनी ऐन,२०६३ को दफा ७५ तथा कम्पनीको नियमावली,२०८० को नियम २६ (१) को व्यवस्था वमोजिम सभाको निर्णय पुस्तिकामा सभाको अध्यक्ष र कम्पनी सचिवले हस्ताक्षर गर्ने ।

१०. धन्यवाद ज्ञापन सहित सभा विसर्जन :

दोस्रो बार्षिक साधारण सभामा उपस्थित भई धैर्यतापूर्वक सक्रियताका साथ आफ्नो अमूल्य समय तथा रचनात्मक सुझावहरू दिई सामान्य तथा विशेष प्रस्ताव पारित गरिदिनुहुने शेयरधनी महानुभावहरू, विभिन्न निकायबाट सहभागी हुनुहुने सहभागीहरु, साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न खट्नुहुने कम्पनीका कम्पनी सचिव, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन, कर्मचारीहरू लगायत सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई दोस्रो बार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्नमा सहयोग पुऱ्याउनुभएकोमा सञ्चालक समिति र व्यवस्थापनको तर्फबाट अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्दै सभामा प्रस्तुत सम्पूर्ण प्रस्ताव पारित भएको र सभा विसर्जन गरिएको घोषणा गर्नुभयो ।

श्री भोला नाथ घिमिरे
कम्पनी सचिव

श्री रमेश अर्याल
अध्यक्ष